वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ,क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्वर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षिक आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४९२५

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

वर्ष ८ अंक ८१ श्रेणी 'क' २०७२ पुस ६ गते सोमबार 20 Dec. 2015 पृष्ठ ४ मूल्य रू. ५/-

खुशीको खबर !!!
योग निद्रा सिकेर आफूलाईं रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।
मोवाइल : ९८१६१०२२१६

## सतहमा आउँदै राष्ट्रपति अपमान प्रकरण

### मधेशी मोर्चाले माफी माग्नुपर्ने एमालेको माग, सरकारद्वारा समेत ध्यानाकर्षण

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ पुस ।**

नेपालको पहिलो महिला महिला राष्ट्रपति विद्यादेवी भण्डारीमाथि केही दिनअघि जनकपुरमा भएको अभद्र व्यवहारको धेरै क्षेत्रबाट विरोध र भर्त्सना हुन थालेको छ । विशेष गरि नेकपा एमाले ले यसको खुलेर विरोध जनाएको छ भने मधेशवादी दलहरुले माफीनै माग्नुपर्नेमा जोड दिएको छ । यसैक्रममा नेकपा (एमाले) विवाहपञ्चमी महोत्सवका अवसरमा जनकपुरको जानकी मन्दिरमा आयोजित विशेष समारोहमा सहभागी बन्ने क्रममा राष्ट्रपति विद्यादेवी भण्डारीमाथि मधेसी मोर्चाका कार्यकर्ताद्वारा अमर्यादित हर्कत र लज्जास्पद प्रदर्शन गरिएको भनि गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । एमालेले आम नेपाली जनतासामु त्यस्तो क्रियाकलापप्रति खुल्लारुपले माफी माग्नसमेत मोर्चा सम्बद्ध व्यक्ति तथा सङ्गठनको ध्यानाकर्षण गराएको छ । एमालेका प्रचार विभाग प्रमुख तथा सचिव योगेश भट्टराईले आइतबार जारी गर्नुभएको विज्ञप्तिमा राष्ट्रपतिप्रति गरिएको व्यवहार बर्बर, मध्ययुगीन र असभ्यमात्र नभई अत्यन्त निन्दनीय रहेको उल्लेख छ । "यसले आधुनिक नेपाली समाजलाई मात्र कलङ्कित गरेको छैन, राष्ट्रको निर्माण र परिवर्तनको लामो सङ्घर्षमा अभूतपूर्व योगदान गर्ने सिङ्गो महिला समुदायलाई घोर अपमानसमेत गरेको छ"- विज्ञप्तिमा भनिएको छ । सो पार्टीले नेपालको सामाजिक-सांस्कृतिक रुपान्तरणका लागि सयौं वर्षदेखि तराई मधेस, पहाड तथा हिमाली भेगका सबै नेपालीको योगदानको स्मरण गर्दै लैङ्गिक विभेदको अन्त्य गरी समतामूलक नेपाली समाजको निर्माणका निम्ति इतिहासका विभिन्न कालखण्डमा नेपाली वीर वीरङ्गनाले खेलेको भूमिका अनुकरणीय रहेको सन्दर्भमा उक्त क्रियाकलापको घोर भर्त्सना गरेको छ ।

यसैगरी राष्ट्रपति विद्यादेवी भण्डारीमाथि जनकपुरस्थित जानकी मन्दिरमा गरिएको दुर्व्यवहारको प्रयास र त्यसपछि उनीमाथि मेधसी मोर्चाका कार्यकर्ताबाट सार्वजनिक रुपमा लगाइएका लाञ्छनाप्रति सरकारले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । उद्योग एवम् कार्यबाहक सूचना, सञ्चार तथा प्रविधि मन्त्री सोमप्रसाद पाण्डेद्वारा जारी विज्ञप्तिमा राष्ट्रपति भण्डारीमाथि गरिएको दुर्व्यवहारप्रति सरकारद्वारा दुःख व्यक्त गर्दै, दुर्व्यवहार गर्ने र असभ्य लाञ्छना लगाउनेलाई कानुनको दायरामा ल्याई कारबाही गर्ने जनाइएको छ ।

"अहिलेको २१औं शताब्दीमा महिला, त्यसमाथि राष्ट्रप्रमुखको जिम्मेवारी सम्हाल्नुभएको सम्मानीय राष्ट्रपतिमाथि लगाइएको लाञ्छना असभ्यताको पराकाष्ठा, दास युगको र सामन्ती चिन्तनको उपजबाहेक केही हुन सक्दैन्"-विज्ञप्तिमा उल्लेख छ । सरकारले राज्यका हरेक निकायमा महिलाको ३३ प्रतिशत आरक्षणको व्यवस्थाका लागि संसद्मा सङ्कल्प प्रस्ताव प्रस्तुत गरी संवैधानिक रुपमै कानुनी व्यवस्था गराउन र व्यवहारमा कार्यान्वयन गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेका राष्ट्रपति भण्डारीमाथि त्यसप्रकारको लाञ्छना लगाउनु खेदजनक र भर्त्सनायोग्य रहेको जनाएको छ । विवाह पञ्चमीमा राष्ट्रप्रमुख वा सरकार



विद्यादेवी भण्डारी

प्रमुख सहभागी हुने चलिआएको राष्ट्रिय परम्परालाई निरन्तरता दिने क्रममा राष्ट्रपति त्यहाँ सहभागी भएको विज्ञप्तिमा जनाइएको छ । "त्यस क्रममा उजीमाथि गरिएको दुर्व्यवहारले हामीले हाम्रा भावी पिँढीलाई कस्तो संस्कार, आचरण र संस्कृति सिकाइरहेका छौं भन्ने स्पष्ट हुन्छ, यस्ता प्रवृत्तिले तराई मधेसको संस्कृति, परम्परा, रीतिरिवाजलाई समेत आक्रमण गरेको छ"- विज्ञप्तिमा उल्लेख छ । राष्ट्रपतिमाथि गरिएको दुर्व्यहार एउटी महिलामाथिको मात्र नभएर सिङ्गो महिला जगतमाथिको दुर्व्यवहार हुनुका साथै यस्ता व्यवहार सरकारलाई सह्य नहुने विज्ञप्तिमा उल्लेख छ ।

यसैगरी प्रधानमन्त्री केपी शर्मा ओलीले विवाहपञ्चमीका अवसरमा जनकपुर भ्रमणमा जानुभएकी राष्ट्रपति विद्यादेवी भण्डारीमाथि गरिएको व्यवहार असभ्य र उद्दण्ड भएको बताएका छन् ।नेकपा (एमाले)प्रदेश नं ४ ले केन्द्रीय कार्यालय धूम्रबाराहीमा आयोजना गरेको कार्यक्रममा पार्टी अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीले प्रदेशको विकास निर्माणका लागि मुस्ताङको कोरला नाका खोलिनुपर्ने माग गर्दै बुझाएको ज्ञापनपत्र ग्रहण गर्दै भौगोलिक अखण्डताविरुद्ध कतिपय पक्ष हिंसात्मक ढङ्गले प्रस्तुत हुन थालेकाले सरकारले त्यसलाई कानुन बमोजिम नियन्त्रणमा लिने बताए ।

प्रदेश नं ४का एमालेका केन्द्रीय पदाधिकारी, केन्द्रीय सदस्य, सांसद र जिल्लाका पार्टी अध्यक्ष सहितको टोलीले प्रधानमन्त्रीलाई भेटी चीनसँग जोडिएको कोरला नाका सञ्चालन गर्न एवम् पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका थिए ।

यसैगरी नेपाल पत्रकार महासङ्घले राष्ट्रपति विद्यादेवी भण्डारी विवाह पञ्चमीका अवसरमा जनकपुरको जानकी मन्दिरमा पूजा अर्चनामा संलग्न भएको विषयलाई लिएर उनलाई लाञ्छित गरिएको र सो विषयको समाचार त्यहाँबाट प्रकाशित जनकपुर टुडे दैनिकमा प्रकाशित भएको विषयमा गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । महासङ्घका अध्यक्ष डा महेन्द्र विष्टले जारी गरेको विज्ञप्तिमा मानवीय सभ्यता, संस्कृति र संवैधानिक व्यवस्थाका विपरीत भएका यस्ता गतिविधि तथा पत्रकारिताको मान्य सिद्धान्त र पत्रकार आचारसंहिता विपरीत प्रकाशन, प्रसारण हुनु खेदजनक भएको जनाइएको छ । महासङ्घले त्यस्तो प्रकाशन प्रसारण गर्ने सञ्चारमाध्यमलाई गल्ती सच्याउन र प्रेस काउन्सिल नेपाललाई पत्रकार आचारसंहिता विपरीतका प्रकाशन प्रसारणको अनुगमन गर्न आग्रह पनि गरेको छ ।

यस्तै पुष्पलाल स्मृति प्रतिष्ठानले राष्ट्रपति जानकी मन्दिरमा आयोजित विवाह पञ्चमीमा सरिक हुन पुग्दा भएको व्यवहार र प्रयोग गरिएका आपत्तिजनक शब्दले मधेसी मोर्चाका नेता र कार्यकर्तामा रहेको सामन्ती चरित्रलाई उदाङ्गो पारेको जनाएको छ । प्रतिष्ठानका अध्यक्ष तथा नेकपा (एमाले)का नेता माधवकुमार नेपालको अध्यक्षतामा शनिबार बसेको साधारणसभाले राष्ट्रपति विद्यादेवी भण्डारीप्रति गरिएको यस्तो असभ्य, अलोकतान्त्रिक र अस्वीकार्य व्यवहारले सिंगो महिला समुदायको घोर अपमान गरेको ठहर गर्दै घटनाप्रति मधेसी मोर्चाले मौनता साधेकामा आश्चर्य मान्दै घटनाको भर्त्सना गरेको छ ।

यता, जनकपुरमा राष्ट्रपति विद्यादेवी भण्डारीमाथि भएको अभद्र व्यवहारको विरोधमा महोत्तरीको बर्दिवास बजारमा महिलाहरूले आज प्रदर्शन गरेका छन् । अखिल नेपाल महिला सङ्घ, अखिल नेपाल महिला सङ्घ क्रान्तिकारी, नेपाल महिला सङ्घलगायतका सङ्गठनले राष्ट्रपति भण्डारीमाथि जनकपुरमा भएको दुर्व्यवहारविरुद्ध प्रदर्शन गरेका हुन् । विवाह पञ्चमीको अवसरमा जनकपुर गएको बेला मधेसी मोर्चाका कार्यकर्ताले राष्ट्रपति विद्यादेवी भण्डारीलाई बिधवा भन्दै अपमान र दुर्व्यवहार गरेका थिए । राष्ट्रपति भण्डारीमाथि भएको दुर्व्यवहारको अहिले चौतर्फी विरोध भइरहेको छ । प्रदर्शनपछि आयोजित कोणसभालाई सम्बोधन गर्दै अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीका केन्द्रीय सचिवालय सदस्य शशीकला दाहालले कुनै पनि सभ्य समाजले कल्पना गर्न नसक्ने किसिमको दुर्व्यवहार राष्ट्रपतिमाथि हुनु दुःखद् भएको बताए । उनले राष्ट्रपति माथि दुर्व्यवहार गर्नेलाई कडा कारबाही गर्न पनि सरकारसँग माग गरे ।

## विलासी सुविधाको विपक्षमा पोखरेली समुदाय

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ पुस ।**

पूर्व विशिष्ठ पदाधिकारीलाई आजीवन विलासी सुविधा दिन नुहने भन्दै नागरिक समाजको अगुवाइमा कास्कीका सत्तारुढ दलका प्रमुखहरुलाई आइतबार स्मृतिपत्र बुझाइएको छ । नागरिक समाज पोखरा, स्वतन्त्र पत्रकार संघ नेपाल र सचेतना समाज पोखराले संयुक्त रुपमा सत्तारुढ दलका कास्कीका प्रमुखहरुलाई स्मृतिपत्र बुझाइएको हो । नागरिक समाज पोखराका संयोजक रामबहादुर पौडेल, स्वतन्त्र पत्रकार संघ नेपालका अध्यक्ष कृष्ण प्रसाद बाँस्तोला र सचेतना समाज पोखराका संयोजक सुरेन्द्र थापामगरद्वारा हस्ताक्षरित स्मृतिपत्रमा कास्कीका सम्पूर्ण सत्तारुढ दलका प्रमुखहरुले अहिलेको परिस्थितिमा पूर्व विशिष्ठ पदाधिकारीलाई आजिवन विलासी सुविधा दिन नुहने बताएका थिए । स्मृति पत्र बुझ्दै नेकपा एमाले कास्कीका अध्यक्ष कृष्ण थापाले राज्यबाट भएका क्रियाकलापलाई जनताले खबरदारी गर्नु सकरात्मक भएको भन्दै पूर्व विशिष्ठ पदाधिकारीलाई विलासी सुविधा दिने विषय अत्यन्तै राम्रो पक्ष रहेको भन्दै स्मृतिपत्र केन्द्रीय कार्यलयलाई जानकारी गराउने बताए । त्यस्तै एमाओवादी कास्कीका उपाध्यक्ष गंगा पोखेलले पोखरेली सचेत वर्गले उठाएको विषय सकरात्मक पक्ष रहेको भन्दै जनतालाई भार पर्ने निर्णय सरकारले नगर्नेमा आफू आशावादी रहेको उल्लेख गरे । त्यस्तै राप्रपा नेपाल कास्कीका अध्यक्ष जयलाल पुनले नेपाली जनताको करबाट सरकारले चैन गरिरहेको उल्लेख गर्दै यसलाई रोक्न पार्टीले सक्दो सहयोग गर्ने बताए । आवश्यक परे यो अभियानमा आफूहरु पनि साथ दिन तयार रहेको पुनको भनाई छ । स्मृतिपत्र बुझ्दै राष्ट्रिय जनमोर्चा केन्द्रीय उपाध्यक्ष तथा कास्कीका इन्चार्ज शंकर बलाले आफ्नो पार्टीले पनि पूर्व विशिष्ठ पदाधिकारीलाई आजिवन विलासी सुविधा दिन नहुने भन्दै कार्यक्रम गरिहेको बताउदै पोखरेलीको मुद्धामा साथ दिने बताए । कार्यक्रममा नागरिक समाज पोखरा, सचेतना समाज पोखरा र स्वतन्त्र पत्रकारहरुको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रम अन्तरगत सोमबार प्रमूख विपक्षी दल नेपाली काँग्रेस कास्की मार्फत केन्द्रीय कार्यलयमा स्मृतिपत्र बुझाउने र मंगलबार जिल्ला प्रशासन कार्यालय मार्फत प्रधानमन्त्रीलाई ध्यानाकर्षण पत्र बुझाउने कार्यक्रम रहेको छ ।

## पोखरा भूकम्पको भग्नावशेष !

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ पुस ।**

नेपालको पर्यटकीय शहर पोखरा मध्ययुगमा आएका तीन शक्तिशाली भूकम्पपछिको भग्नावशेषबाट बनेको दाबी एक अनुसन्धानले गरेको छ । अन्वेषकहरुका अनुसार पोखरा उपत्यकामा सन् ११००, १२५५ र १३४४ मा आठ म्याग्निच्युड आसपासका ३ भूकम्प गएका थिए । जर्मनीको पोट्सडम युनिभर्सिटीको नेतृत्वमा वैज्ञानिकहरुको अन्तर्राष्ट्रिय टोलीले यस विषयमा अनुसन्धान गरी प्रतिवेदन सार्वजनिक गरेको हो । मध्ययुगीन भूकम्पहरुले सो क्षेत्रमा ठूलो भौगोलिक उथलपुथल ल्याएको प्रतिवेदनमा उल्लेख छ । 'भुकम्पले ठूलो परिमाणमा संरचनाहरु भत्किनुका साथै जनधनको व्यापक क्षति भएको थियो । अन्नपूर्ण हिमश्रृंखलाको ६० किलोमिटर क्षेत्रसम्म चट्टान ढुंगा र बालुवाहरु छरिएका थिए । यसबाट भौगोलिक तथा आर्थिक पुनर्संरचना सुरु भएको हो ।' वैज्ञानिकहरुले भनेका छन् । भूकम्पका क्रममा खसेको ठानिएको एउटा ठूलो ढुंगामा वैज्ञानिकहरुको ध्यान आकृष्ट भएको थियो । अध्ययनमा संलग्न जर्मन रिसर्च सेन्टरका त्रिस्टोफ एन्डरम्यानका अनुसार उक्त ढुंगो १० मिटर परिधि र ३०० टन तौलको छ ।

BABIN TAILORING
Shirting & Suiting
बबिन टेलरिङ नै किन ?
तपाईले खोजेका कुनैपनि गुणस्तरीय ब्राण्डका कपडाहरुका लागि,
तपाईले भनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
आकर्षक तथा आधुनिक डिजाइनका लागि,
आकर्षक कोटका लागि गुणस्तरीय पेस्टिङ्ग मेशिन प्रयोग गरिने,
यहाँको माया, सद्भाव र विश्वासको निरन्तरताको लागि,
अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कूल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।
बबिन टेलरिङ्ग सटिङ्ग एण्ड सुटिङ्ग
DIGJAM Ashima OCM Raymond

## सहारा क्लव १४औं आहारारा फुटवल प्रतियोगिताको तयारीमा

### नाकाबन्दी लम्बिएपनि प्रतियोगिता समयमै-संयोजक थापा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ पुस ।**

१४औं आहारारा गोल्ड कप फुटबल प्रतियोगिताका लागि तयारी शुरु गरिएको छ । केही दिनअघि ५०१ सदस्यीय सल्लाहकार समिति गठन गरेको आयोजक सहारा क्लवले शनिबार विभिन्न उप-समिति गठन गरेको छ । प्रतियोगिताको मूल संयोजकमा क्लवका वरिष्ठ उपाध्यक्ष केशवबहादुर थापा रहेका छन् । 'खेलकूदको विकासमा सहकार्य गरौं पोखरालाई खेलकुद पर्यटन शहरको रुपमा स्थापित गरौं' भन्ने मूल नाराका साथ आगामी माघ ५ गतेदेखि १६ गतेसम्म पोखरा रङ्गशालामा संचालन हुने प्रतियोगिताका लागि विभिन्न उप-समिति गठन भएको क्लबका वरिष्ठ उपाध्यक्ष एवं प्रतियोगिता संयोजक केशबबहादुर थापाले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । गठित विभिन्न उप-समितिहरुमा अर्थ संकलन उप-समितिमा संयोजक मानार्थ सदस्य प्रकाश शेरचन, सह-संयोजकमा कोषाध्यक्ष विश्वराज बराल, उप-संयोजक दिलिपराज श्रेष्ठ, प्रचार-प्रसार उप-समितिमा सल्लाहकार नारायण कार्की, सह-संयोजक सुरेन्द्र बहादुर थापा, उप-संयोजक सुदर्शन रञ्जित रहेका छन् ।

यसैगरी शान्ति सुरक्षा उप-समितिमा सल्लाहकार खेमबहादुर गुरुङ्ग, सह-संयोजक हरिराम गुरुङ्ग, उप-संयोजक सुनिल गुरुङ्ग, खेल मैदान पूर्वाधार निर्माण एवं मैदान व्यवस्थापन उप-समिति मानार्थ सदस्य महेश गुरुङ्ग, सह-संयोजक पूर्व उपाध्यक्ष रामजी कार्की, उप-संयोजक विश्व तण्डुकार, आवास व्यवस्थापन उप-समिति संयोजक सल्लाहकार गणेश बहादुर भट्टराई, सह-संयोजक नवराज अधिकारी, उप-संयोजक तिलक क्षेत्री, सहभागी टीम सम्पर्क उप-समिति संयोजक सल्लाहकार शम्भु कार्की, सह-संयोजक लिलबहादुर थापा, उप-संयोजक सोमबहादुर जोशी, अतिथि सत्कार एवं स्वागत उप-समिति संयोजक पूर्व अध्यक्ष एवं वर्तमान सल्लाहकार विक्रम थकाली रहेका छन् ।

त्यसैगरी प्रतियोगिता सहसंयोजक मन बहादुर क्षेत्री (काजी) उप-संयोजक रोजिना गुरुङ्ग, आयोजक टीम तयारी उप-समिति संयोजक सल्लाहकार टिका कार्की, सह-संयोजक राजकुमार गुरुङ्ग, उप-संयोजक प्रल्हाद हिराचन, मञ्च व्यवस्थापन उप-समिति संयोजक कृष्णबहादुर थापा, सह-संयोजक बिनु राना, उप-संयोजक मिन गुरुङ्ग, अनुशासन एवं प्राविधिकमा संयोजक सल्लाहकार आनन्द रञ्जित (केशब), स्वास्थ्य एवं प्राथमिक उपचार उप-समिति डा.नारायण गौतम, सह-संयोजक संस्थापक सचिव पूर्ण बहादुर गुरुङ्ग, उप-संयोजक डा.रविन्द्र प्रसाद श्रेष्ठ, लियाजन क्षेत्र उप-समिति संयोजक सल्लाहकार तेजबहादुर गुरुङ्ग, सहसंयोजक देवी रिमाल, उप-संयोजक रामजी अधिकारी, शिल्ड मेडल ट्रफी तथा प्रमाणपत्र व्यवस्थापन उप-समिति संयोजक



केशवबहादुर थापा (संयोजक)

सल्लाहकार सहारा यु.के.अध्यक्ष दिलिपकुमार गुरुङ्ग, सहसंयोजक पूर्ण बहादुर गुरुङ्ग, उप-संयोजक गोपाल के.सी., यातयात व्यवस्थापन उप-समिति संयोजक ऐन कुमार शाही, सह-संयोजक रविनकुमार श्रेष्ठ, उप-संयोजक सोमबहादुर जोशी र स्वयंसेवक परिचालन उप-समितिमा संस्थापक अध्यक्ष वसन्त थकाली, सह-संयोजक चित्रबहादुर पुन, उप-संयोजक देवी रिमाल रहेका छन् । विभिन्न उप-समितिमा क्लबका आजीवन सदस्य, साधारण सदस्य समेत नियुक्त गरि जिम्मेवारीको बाँडफाँड गरिएको क्लवका अध्यक्ष वीरभद्र आचार्यले बताए ।

हिमश्री फुडस प्रा.लि.को उत्पादन आहा तथा रारा चाउचाउको मुख्य प्रायोजन, रेडबुलको सह-प्रायोजन, माईक्रो म्याक्स मोबाईलको उपप्रायोजन, पोखरा उप-महानगरपालिकाको संयोजन, राष्ट्रिय खेलकुद परिषद र अखिल नेपाल फुटबल संघ र पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समिति र जिल्ला खेलकुद विकास समिति कास्की, एन्फा कास्की सहारा यु.के.र सहारा हङ्गकङ्ग समेतको विशेष सहयोग पावर्ड बाई नोभा दूध, अफिसियल ड्रिङ्ग वाटर ईको पानी सहयोगी संस्थाहरु सानमिगेल, नमस्ते एजुकेशन, वेष्ट अफफाईभ प्रायोजक पृथ्वीराजमार्ग बस संचालक समिति पोखरा अफिसियल एयर लाईन्स बुद्ध एयर प्रायोजक याट्स, एलजी .टि.भी. सानमिगेल, नमस्ते एजुकेशन समेतको सहयोगमा प्रतियोगिता संचालन हुने क्लवले जनाएको छ ।

नेपालका ए डिभिजनका क्लब, विभागीय टीम, लिग विजेता थ्री स्टार, मनाङ्ग मर्स्याङ्गदी लगायत विभिन्न १२ टीमहरु सहभागी हुने बताइन्छ । प्रतियोगिताबाट बचत हुन आउने रकम सहारा एकेडेमीमा खर्चिने भएको छ । क्लबद्वारा संचालित कठिन परिस्थिति एवं विपन्नवर्गका बालकहरु सम्मिलित १६ जिल्लाका २६ जना बालकहरु लाई निःशुल्क शिक्षादीक्षा, स्वास्थ्य, फुटबल प्रशिक्षण लगायत भरणपोषणमा क्लवले गर्दै आएको छ । हाल संरक्षित बालकहरु क्लबद्वारा निर्मित सुविधासम्पन्न आवास गृह सहारा एकेडेमी दोबिल्ला पोखरा-१७ मा आश्रित छन् ।

यसैबीच प्रतियोगिता संयोजक केशवबहादुर थापाले भारतले लगाएको अघोषित नाकाबन्दी लम्बिएपनि प्रतियोगितामा कुनै असर नपर्ने बताएका छन् । गोल्डेन न्यूज दैनिकसंग कुरा गर्दै क्लवका वरिष्ठ उपाध्यक्ष समेत रहेका थापाले त्यतिबेलासम्म नाकाबन्दी खुल्ने विश्वास व्यक्त गरे । उनले भने-'नाकाबन्दीसंग प्रतियोगिताको कुनैपनि सरोकार छैन । नाकाबन्दी जारी रहेपनि प्रतियोगिता समयमै सफलतापूर्वक सम्पन्न हुन्छ ।'

उनले प्रतियोगिता सम्पन्न गर्न प्रायोजकहरुका लागि प्रपोजलहरु वितरण गर्ने काम जारी रहेको, मैदान पुनःनिर्माणको काम समेत शुरु भइसकेको जानकारी दिए । उनका अनुसार प्रतियोगितामा तीन विदेशी टीम भित्र्याउन छिमेकी मुलुकका केही क्लवहरुसंग समन्वय भइरहेको छ ।

Study in Malta
Apply with out IELTS, Schengen visa,
Affordable tuition fees, SLC passed can apply,
High Visa success rate, Easy documentation,
Work while studying, Apply today!!!
Limited seats for Nepali students, hurry up!
ROYAL International Education Network Pvt. Ltd
Chipledhunga:
2nd Floor, Batas Malla Complex, 061 551041
Ranipauwa:
H#50, Infront of NTC, 061 533386
Email: info@royalien.com | Web: www.royalien.com

■ पुरानो कोट लगाउ र नयाँ पुस्तक किन ।

*- थोरो*

## सम्पादकीय . .

# राष्ट्रपतिमाथि निन्दनीय कार्य

जनकपुरको रामजानकी मन्दिरमा राष्ट्रपति विद्यादेवी भण्डारीले गरेको भ्रमण र त्यसमा उत्पन्न भएको परिस्थितिले मधेसी मोर्चाका नेताहरुमा रहेको विकृत चिन्तन बाहिर आएको छ । नेपाको पहिलो महिला राष्ट्रपति भण्डारीले परामपरागत संस्कृतिको संरक्षण गर्न गरिएको रामजानकी मन्दिर भ्रमणमा एउटा नराम्रो र दुःखद् प्रसंग जन्माएको छ । रामजानकी विवाह महोत्सव र त्यसमा नेपाल भारतसहित अन्य इच्छुक तथा आस्थावान व्यक्तिहरूको सहभागिता त्यो महोत्सव जत्तिकै पुरानो प्रथा हो । रामजानकी महोत्सवले मर्यादा र आदर्शका प्रतिकका रूपमा पुजिएका राम र समर्पण, सेना र मातृत्वकी प्रतीकका रूपमा स्थापित सीतासँग वर्तमानलाई जोड्ने र नेपाल र भारत दुई मुलुकमा बस्ने एकै संस्कृतिका अनुयायीहरूको एकतालाई निरन्तरता दिँदै आएको छ । तर यस सन्दर्भमा भएको भ्रमणपछिका परिदृष्यले विकृत मानसिकतालाई नै उजागर गरेको छ भन्नु पर्ने अवस्था सिर्जना भएको छ । जुन कुरा कुनै पनि धर्मालम्बीले समेत कल्पना गर्न सक्दैन । समयको परिवर्तनसंगै हाम्रा सामाजिक र धार्मिक मान्यता फेरिएका छन । त्यसलाई सोही रुपमा वुझ्न सक्नु पर्दछ । जनकपुरमा प्रकरणपछि अहिले रामले सीतालाई त्याग्दा पत्नी र नारीमाथि भएको अन्यायलाई प्रतिकार नगर्नु सीताको कमजोरीका रूपमा प्रस्तुत गर्ने कोशिस गरिएको छ । विश्लेषण गर्दा धर्मग्रन्थहरूलाई विवेक, विश्लेषण र आधुनिक परिवेशमा हेर्ने र प्रश्न गर्ने स्वतन्त्रता सबैलाई छ, तर द्वापर युगका मूल्य, संस्कृति, पद्धति र राजकीय दायित्वको परिवेशलाई समेत ध्यानमा राखिनुपर्छ । रामजानकी विवाह महोत्सव समस्त हिन्दुहरूको आस्थामा केन्द्रित पर्व हो । राष्ट्रपतिको त्यसमा सहभागिता स्वागतयोग्य विषय हो । यस्तै अन्य धर्मालम्बीहरुको पर्वमा पनि राष्ट्रपतिको सहभागिताको अपेक्षा गरिनु स्वभाविक छ । महोत्सवमा सहभागिताका अवसरमा दिईएको राष्ट्रपति भण्डारीको मन्तब्य विशुद्ध साँस्कृतिक र धार्मिक सभ्यतासँग जोडिएको विषय हो । यसलाई राजनीतिकरण गर्न मिल्दैन, धार्मिक केन्द्रहरूमा दलीय राजनीति, द्वन्द्व र अविश्वासले प्रवेश पाउनु पनि हुदैन । राष्ट्रपति भण्डारी त्यहाँ पुग्दा मधेशी मोर्चा सम्वद्ध प्रदर्शनकारीहरूको जुन विरोध गरे र विवाह महोत्सवको कार्यक्रम प्रभावित गर्न जुन रवैया देखाए, त्यो सभ्य समाजको लागि सुहाउने विषय होईन । त्यसले एउटा सभ्यता र संस्कृतिको मञ्चनका लागि निरन्तरतामा ब्रेक लगाउने दुस्साहस गरेको छ । त्यत्रि मात्र हैन, मन्दिर परिसरमा पेट्रोल बम प्रहार र ढुंगामुढा गरी मन्दिरकै मर्यादा र पवित्रतामा प्रहार गरेका छन । यसले रामको मर्यादा र सीताको सहिष्णुता दुवैलाई अपमानित मात्रै गरेको छैन, उनीहरुको दरिद्रता चिन्तन पनि सवैका लागि चूनौती बनेर उभिएको छ । अहिले संयोगले राष्ट्रपति एक नारी छिन् । उनीमाथिको संगठित आक्रमण अत्यन्त निन्दनीय छ । त्यस कारण पनि मिथिलाको हक, संस्कृति र दायित्वलाई यदि कुनै अर्थमा मधेसी आन्दोलकारीहरूले प्रतिनिधित्व गर्छन् भने त्यसका लागि उनीहरुले निःशर्त क्षमायाचना गर्नुपर्दछ । नत्र मधेसी मोर्चाको विकृत चिन्तनले निरन्तरता पाउने छ, जुन सभ्य समाजका लागि सधैं घातक हुनेछ ।

## आजको पञ्चाङ्ग

**मिति २०७२ साल पौष ६ गते सोमबार, तदनुसार दिसाम्बर २१ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार मार्गशीर्षशुक्लपक्ष चलिरहेको छ । सौरमान अनुसार आज मार्गशीर्षशुक्लपक्षको एकादशी तिथि ४७ घटि ३७ पला अर्थात रातिमा १ बजेर ५४ मिनेटसम्म त्यसउप्रान्त द्वादशी तिथि लाग्नेछ । आज सूर्य धनु राशिमा, चन्द्रमा मेष राशिमा अहोरात्र रहनेछ । आज दिनमान २५ घटि ५० पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ५१ मिनेटमा मैत्र मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ११ मिनेटमा हुनेछ ।**

## आजको राशिफल

**मेष** : विदेशबाट धन आउन सक्ने, गरेको कार्य सफल, पढाइबाट उत्कृष्ट नतिजा प्राप्त हुनेछ ।

**वृष** : शारीरिक पीडा थपिने, मानहानी हुन सक्नेछ, आम्दानीका श्रोतहरु घट्नेछन्, विशेष मान्छेबाट धोका हुन सक्नेछ

**मिथुन** : गुमेको धन फेला पर्न सक्नेछ, राजनैतिक सक्रियता बढ्नेछ, समग्रमा दिन शुभ छ ।

**कर्कट** : गर्न खोजेको कार्य असफल, मनमा तनाव बढ्नेछ, भ्रमण कठिनपूर्ण रहने, वाथ रोगले सताउने छ सतर्क हुनुहोला ।

**सिंह** : विदेशबाट आफनो मान्छे घरमा फर्कदा नयाँ चहलपहल, राजनैतिक क्षेत्रमा मन जानेछ, सामाजिक सहयोग मिल्ने ।

**कन्या** : साहित्यिक क्षेत्रमा सक्रियता बढ्ने, प्रेमिकासंग भेटघाट हुन सक्ने, वौद्धिक क्षेत्रबाट लाभ, आम्दानी राम्रो हुने ।

**तुला** : राजनीतिबाट खुशीका खबर प्राप्त, रमाईलो ठाँउमा भ्रमण, आर्थिक क्षेत्रको सोचाईले आम्दानीमा वृद्धि हुने ।

**वृश्चिक** : छिमेकीसंग कलह चर्किने, व्यापारबाट नोक्सानी, सामाजिक सम्मान पाउनबाट बञ्चित, दिन खराबछ ।

**धनु** : सोचेजति काम गर्न असफल, इष्टमित्रको विरोध झेल्नुपर्नेछ, जागिरबाट धोका हुन सक्ने चनाखो हुनुहोला ।

**मकर** : व्यारिक कार्य असफल, झगडाको मामिलामा फसिने, स्वास्थ्यमा खरावी, टाढाको भ्रमण नगर्नु वेश हुनेछ ।

**कुम्भ** : राजनीतिक तनाव हुनेछ, वैवाहिक कार्य असफल हुन सक्ने, नकरात्मक विचारले सताउनेछ ।

**मीन** : शत्रुहरु सक्रिय हुनेछन्, गरेको कामबाट जस नपाइने, काममा अनाश्यक टकराव खेप्नु पर्ने दिन शुभ रहने छैन ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

# भूमरीमा नेपाली राष्ट्रवाद र राष्ट्रियता



विनोद के.सी.

संविधान घोषणा पछि खास गरी पहाडी समुदायमा खुशियाली छायो । तर मधेशमा त्यसको विपरित आन्दोलन भयो । संविधान घोषणपश्चात् सरकार परिवर्तन हुने निश्चित थियो । सरकार परिवर्तन हुनै लाग्दा तय भएको प्रधानमन्त्री चुनावमा कांग्रेस सभापति सुशिल कोइराला र एमाले अध्यक्ष केपी ओली मैदानमा थिए ।

अनपेक्षित सुशिल कोइरालाको प्रधानमन्त्रीको उमेदवारी संगसंगै भारतको अधोषित नाकावन्दी अनि तराईको जनवीवनले पुरै नेपालको जनवीवन अस्थव्यवस्त भयो । प्रधानमन्त्रीको चुनाव लगतै देशको राजनीतिक र आम जनतामा राष्ट्रवाद र राष्ट्रियताको तरङ्गले हलचल ल्यायो । सुशिल कोइरालालाई यही तरङ्गको कम्पनले अराष्ट्रवादी तत्वको बिल्ला भिरायो भने प्रधानमन्त्री केपी ओलीलाई राष्ट्रवादी नेता । विगतका योगदान र कामको मूल्याङ्कन गरी यसरी रातारात कोही राष्ट्रवादी त कोही विदेशी एजेन्ड बन्न पुगे । यद्यपि राष्ट्रवादको तरङ्गले ल्याएको कम्पनको पराकम्पन अझै बाँकी छ । हाम्रो देशमा राष्ट्रवादलाई भारतसंगको सम्बन्ध र उसले गरेको व्यवहारलाई हेरी व्याख्या गरिन्छ ।

भारतसंग सुरुङयुद्ध गर्ने, साइकल चढ्ने, छिमेकीलाई विस्तारवादी सामराज्यवादी भनि गाली गर्ने त हाम्रो राष्ट्रवादको विशेषता नै हो । वास्तवमा राष्ट्रवाद एउटा देशप्रेमी भावना मात्र होइन यो समाजलाई राजनीतिक, आर्थिक सामाजिक रुपले दिशानिर्देश गर्ने समाजवाद, पुँजीवाद, माक्सवाद जस्तै एउटा राजनीतिक दर्शन हो ।

हाम्रो देशमा राष्ट्रवाद आफ्नो कुटनीतिक असक्षतमा ढाकछोप गर्न तथा असफल नेतृत्वको ढाकछोप गर्न सरकारले जनतामाझ फैलाएको भ्रम बनेको छ । अहिले एउटा देश भित्र पहाडी र मधेशी गरी दुई वटा राष्ट्रियता देखा परेको छ । त्यसैले देशभित्र घन्किरहेको उग्रराष्ट्रवादले हामीलाई विभाजनतर्फ पनि लैजान सक्छ । सावभौम, स्वाधिन राष्ट्र नेपालभित्र बसोबास गर्ने हिमाली, पहाडी, मधेशी सबैको राष्ट्रियता नेपाली हो । प्रसिद्ध दार्शनिक लर्ड ब्राइसले राष्ट्र र राष्ट्रियता शब्दको भिन्नता प्रष्ट पारेका छन् । उनका अनुसार राष्ट्रियता भाषा, साहित्य विचार रीतिरिवाज परम्परा आदि बन्धनमा बाँधिएको जनसमूहको नाम हो ।

यसले आफूलाई यस्तै प्रकारको अर्को जनसमूह भन्दा भिन्न प्रकारको जनसमूह भन्ने अनुभव गर्दछ । राष्ट्रिय राजनीतिक रुपबाट संगठित भएको राष्ट्रियता हो जो स्वतन्त्र हुन्छ तथा स्वतन्त्र हुने इच्छा प्रकट गर्दछ । राष्ट्रवाद राष्ट्रप्रतिको प्रेम तथा निष्ठा हो यसले समग्र राष्ट्रिय भावनलाई अभिव्यक्त गर्दछ । साथसाथै संगठित एकीकृत तथा भावनात्मक शक्ति प्रदान गरी एउटै शुत्रमा आवद्ध गर्दछ । त्यसैले राष्ट्रवाद कुनै राष्ट्रको भावनात्मक सम्बन्धको संगठित अभिव्यक्ति हो र यो विचारहरुको संगठित रुप हो । यो एक प्रकारको सामूहिक भावना भएकाले विभिन्न प्रकारको एकता र समानता यसका आधार हुन् । यसको सम्बन्ध राजनीतिक शक्ति प्राप्ति र त्यसको विकाससंग रहन्छ । राष्ट्रवादका विभिन्न रुपहरुको प्रयोगले विश्वका इतिहासमा राष्ट्रलाई विखण्डन गर्ने काम र एकीकृत गर्ने दुवै काम गरेका छन् ।

युरोपमा भएको राष्ट्रवादको पुनःजागरणले गर्दा १९औं शताब्दीको मध्यतिर राष्ट्रवादको समर्थन गर्दै जनताले प्रतिक्रिया वादीहरु विरुद्ध क्रान्ति गरे यसैसमयमा जर्मनी र इटाली एकीकरण भयो र राष्ट्रिय राज्यका रुपमा स्थापित भए । बढी उदारवादी राष्ट्रवादका कारण राष्ट विखण्डन हुने सम्मको नियति राज्यले भोग्नुपर्ने हुन्छ । गान्धीको उदारवादी राष्ट्रवादले भारतबाट पाकिस्तान र बंगलादेश विखण्डन भई नयाँ राज्य बन्यो तर यस्तो राष्ट्रवादले एउटा देशका नागरिक र अर्का देशका नागरिक बीच भने सुमधुर सम्बन्ध र व्यवहार राख्दछ ।

देशमा अहिले नाकाबन्दीको कारणले राष्ट्रियताको मुद्धा बुलन्द भएको छ । विभिन्न कालखण्डमा नेपालको राजनीतिलाई राष्ट्रियता र राष्ट्रवादले तरङ्गित बनाएको छ । खासगरी नेपाली राष्ट्रियता भन्ने बित्तिकै भारतसंग हुने उदार-चढावलाई हेरेर तुलना गरेर विश्लेषण गर्ने गरिन्छ ।

नेपालको भूराजनीतिक अवस्थिति र चारैतिर विश्व शक्तिमा उदियमान दुई छिमेकी चीन र भारतको बीचमा रहेको भुपरिवेष्ठित मुलुक नेपालले अब १९औं शताब्दि अगाडि युरोपमा प्रचलित उग्रराष्ट्रवादको प्रयोग गर्न सक्दैन । विभिन्न कालखण्डमा राजनीतिक एजेन्डाको भर्याङ चढी नेपाली राजनीतिको मूलधारमा स्थापित भएको दलहरुले आफ्नै खालको राष्ट्रवाद र राष्ट्रियताको परिभाषाले सम्रग नेपाली समाजलाई अन्योल बनाएको छ । जब भारतसंग नेपाली नेतृत्वको राजनीतिक संवैधानिक, वैचारिक र व्यापारिक मतभेद उत्पन्न हुन्छ । अनि नेपाली समाजमा राष्ट्रवादको नारा तरङ्गित हुन्छ । समयक्रम संगै यो बिलाएर जाने प्रवृत्ति बनेको छ । एउटा सामुद्रिक टापु जस्तो गरेर न नेपाले आफ्नो विदेश नीति तय गर्न सक्छ न छिमेकीसंगको सम्बन्ध पुनरावलोकन गर्न सक्छ ।

राजनीतिक, सामाजिक, आर्थिक सबै हिसाबले विश्वको मञ्चमा उदाउँदै गरेका दुई छिमेकी भारत र चीनको बीचमा रहेको भुपरिवेष्ठिक देशले सुमधुर र सन्तुलित सम्बन्ध राखी अगाडि बढ्नुको विकल्प छैन । एउटा छिमेकीको विकल्पमा अर्कोलाई प्रयोग गर्ने रणनीतिले नेपालले फाइदा लिन सक्दैन । छिमेकीको चासोलाई राष्ट्रिय हितको ख्याल गरी सम्बोधन गरी सुमधुर सम्बन्ध स्थापना गर्नु नै अहिलेको विश्वव्यापीकरणको समयमा उच्चतम प्रयोग भईरहेको राष्ट्रवाद हो । साइकल चढ्ने, सुरुङ युद्ध लड्ने दक्षिण छिमेकीसंग टाढिदा उत्तरतिर लम्पसार पर्ने कुनै राष्ट्रवाद र राष्ट्रियता होइन यो त अराजक उग्रराष्ट्रवादबाट ग्रसित मानसिकता नै हो । राष्ट्रवादले व्यक्तिलाई राष्ट्रप्रति निष्ठावान बनाउन तथा भावनात्मक रुपमा सबैलाई एकीकृत गराउन प्रयास गर्दछ । राष्ट्रमा अनेक जातजाति धर्म, संस्कृति र भिन्न राजनीतिक आस्था राखेका मानिसहरु हुन्छन् ।

अहिले देशमा भएको मधेश आन्दोलनले एउटै देश नेपाल भित्र दुईवटा मधेशी र पहाडी राष्ट्रवाद देखिएको छ । अनेकतामा एकता र विविधता रहेको हाम्रो देश नेपाल अहिले विभाजित भएको छ । त्यसैले राष्ट्रवादको उचित तथा व्यवहारिक प्रयोग भनेको आफ्नो देशको उन्नति प्रगति र गौरवको लागि त्याग र बलिदानको भावना जगाउने र देश प्रेमको भावना विकसित गर्नको लागि हो । भारतबाट प्रतिलिटर १०४ रुपैयाँमा ल्याएर प्रयोग गर्न सकिने पेट्रोललाई चिनबाट २०० रुपैयाँमा प्रयोग गर्दैमा राष्ट्रवादी भईदैन । दक्षिण छिमेकीको हस्तक्षेपकारी नीतिले सधैं हेपिएको अनुति गरेको नेपाली समाजमा राष्ट्रवादका उग्र तथा आक्रामक भारत विरोधी नाराले जनताबीच लोकप्रिय बन्ने तर राजनीतिक मूलधारमा स्थापित भईसकेपछि पद प्राप्तिका लागि राष्ट्रियता र स्वाभिमानको ख्याल नगरी जतासुकै साँठगाँठ र सम्झौता गर्ने नेपाली राजनीतिक दलको विशेषता हुन् । त्यसैले हाम्रो समाजमा राष्ट्रवाद अझ उग्र बनेको छ र राष्ट्रियता विभाजन भएको छ ।

हाम्रो देश नेपाललाई कुनै महासागरको टापु जस्तो गरी हेर्न मिल्दैन । त्यसैले विदेश नीति तय गर्दा होस या उखान टुक्कामा राष्ट्रवादको नारा लगाउँदै गर्दा हामीले आफ्नो भू-राजनीतिक अवस्थितिको विशेष ख्याल गर्नै पर्दछ र छिमेकीका स्वार्थ के-के हुन भनेर स्पष्ट ठम्याउन पनि सक्नुपर्दछ । चीनको स्वार्थ खासगरी नेपालमा तिब्बतीलाई लिएर नेपालमा चीन विरोधी गतिविधि नहोस र युरोपेली तथा अमेरिकाको गतिविधि नेपालमा नबढोस् भन्ने हो, तर भारतको स्वार्थ भने प्रबल र प्रमुख छन् । नेपाल भारत खुल्ला सीमाना भएकाले आतङ्कवादसंग जोडिएको सुरक्षा चुनौती तथा सिचाई र जलविद्युतमा भारतको ठूलो स्वार्थ रहेको विभिन्न घटना क्रमले प्रष्ट पारिदिएको छ ।

त्यसका लागि नेपालको दक्षिण तराई भू-भागमा उसको बढी चासो हुन सक्दछ र उसले त्यहाँको प्रान्तीय सरकारलाई नियन्त्रण सञ्चालन गरी आफ्नो स्वार्थ पुरा गराउने अभिप्राय राखेको हुन सक्छ । छिमेकीहरुको जायज चासोलाई सम्बोधन गर्न व्यवस्थित कुटनीति अङ्गिकार गर्नुपर्दछ । त्यसैले छिमेकी संगको समस्यालाई उच्च कुटनीतिक पहलबाट हल गर्नुको साटो सरकार सञ्चालन गर्ने प्रतिनिधि नै जनतासंग विलाप गर्दै उग्रराष्ट्रवादको नारा लगाउदै हिंड्नुले नेपाली राष्ट्रवाद अन्योलको भूमरीमा परेको छ । वैदेशिक नीतिमा राष्ट्रिय साझा धारणा विकसित गरी छिमेकी संगको सम्बन्धलाई परिभाषित गरी राजनीतिक र कुटनीतिक तवरबाट समस्या हल गर्नु नै आजको आवश्यकता हो ।

साभार : समाचार पाटी

# १३औं पोखरा भेन्ट्रन्स ओपन टेनिस प्रतियोगिता हुने

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ पुस ।**

आगामी पुष १० गतेदेखि पोखरामा १३औं पोखरा भेन्ट्रन्स ओपन टेनिस प्रतियोगिता हुने भएको छ । पोखरामा आइतबार आयोजित पत्रकार सम्मेलनमा कास्की जिल्ला टेनिस संघले दिएको जानकारी अनुसार पोखरा रंगशालामा हुने प्रतियोगितामा ३५ सिङगल, डबल्स, ४५ सिंगल, डबल्स, ५० सिंगल, डबल्स, ५५ सिंगल, डबल्स, ६० सिंगल, डबल्स र ६५ सिंगल डबल्स इभेन्टमा प्रतियोगिता हुने संयोजक बसन्त प्रधानले जानकारी दिए । प्रतियोगितामा ३५ सिंगल्स





विजेताले नगद २० हजार पुरस्कार पाउने छन् भने उपविजेताले १० हजार र ट्रफि पाउनेछन् ।

त्यस्तै ३५ डबल्स विजेतालाई १० हजार र उपविजेतालाई ५ हजार, ४५ सिंगल्स विजेतालाई १५ हजार र उपविजेतालाई ७ हजार ५ सय र ४५ डब्ल्सका विजेतालाई १० हजार र उपविजेतालाई ५ हजार ५ सय र ट्रफि पुरस्कार रहेको प्रचार-प्रसार संयोजक नविन चालिसेले जानकारी दिए । प्रतियोगिता संचालन गर्दा करिब ७ लाख खर्च लाग्ने आयोजकको अनुमान रहेको छ । राष्ट्रिय स्तरको यस प्रतियोगिताले पोखराको पर्यटनको विकास गर्ने भन्दै कास्की जिल्ला टेनिस संघका अध्यक्ष विनोद कायस्थले सबैको सहयोगको अपेक्षा गरिएको बताए ।

# चक्रदेवी सहकारीको साधारणसभा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ पुस ।**

श्री चक्रदेवी वहुउद्देशीय दुग्ध उत्पादन सहकारी संस्था लि.को १८औं साधारणसभा शनिवार सम्पन्न भएको छ । कार्यक्रमको उद्घाटन गर्दै जिल्ला सहकारी संघका अध्यक्ष रविरमण तिवारीले सहकारीको भावना अनुरुप कार्य गर्नु पर्नेमा जोड दिएका थिए । कार्यक्रममा लेखा संयोजक सोमलाल तिवारीले प्रस्तुत गरेको लेखा प्रतिवेदन तथा सदस्य हरिराज अधिकारीले प्रस्तुत गरेको बचत तथा ऋणको प्रतिवेदन सभाले पारित गरेको थियो । उक्त अवसरमा उत्कृष्ट किसानहरु क्रमशः त्रिलोचन लामिछाने, दुर्गादेवी भट्टराई, प्रेमराज खनाल, केशवराज खनाल, बृहस्पती ढकाल, नवराज अधिकारी र टिकाराम भण्डारीलाई पुरस्कृत गरिएको थियो । सहकारीका अध्यक्ष प्रेमराज खनालको अध्यक्षतामा साधारणसभा सम्पन्न भएको थियो ।

# कञ्चनजङ्गामा एकल नृत्य प्रतियोगिता

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ पुस ।**

लेखनाथको शिशुवामा रहेको कञ्चनजङ्गा बालक्लबले कञ्चनजङ्गा एकेडेमिक सेन्टरमा एकल नृत्य प्रतियोगिता सम्मन्न गरेको छ । जम्मा १८ जना प्रतियोगी सहभागी रहेको उक्त प्रतियोगितामा भिमकाशी गुरुङ, सुस्मिता गुरुङ, निशा शर्मा, रिया लामा क्रमशः प्रथम, द्वितिया, तृताय स्थान हासिल गरेको छन् । कञ्चनजङ्गा एकेडेमिक सेन्टरका सहायक प्राचार्य बाबुराम पौडेल, प्रिन्सिपल सन्दिप अधिकारी, पत्रकार विष्णुहरि पौडेलले शुभकामना व्यक्त गरेका थिए । बाल क्लबका अध्यक्ष सावित्री गिरीको अध्यक्षतामा भएको प्रतियोगितामा क्लबका उपाध्यक्ष विपना सुवेदीले स्वागत तथा सचिब सञ्चिता तस्याले कार्यक्रम सञ्चालन गरेकी थिइन् भने विपना राना मगरको समूहले स्वागत नृत्य प्रस्तुत गरेका थिए ।

# एमाले सार्दिखोला गाविस कमिटीको अध्यक्षमा गुरुङ

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ पुस ।**

नेकपा एमाले सार्दिखोला गा.वि.स.कमिटीको सातौं अधिवेशन शनिबार सम्पन्न भयो । अधिवेशनको उद्घाटन गर्दै ने.क.पा. एमाले पूर्व राष्ट्रिय प्रतिनिधि परिषद सदस्य पुण्य प्रसाद पौडेलले एमाले मात्र यो देशको सही पार्टी भएको बताए । उनले अब सबै गाँउबासीहरुले ब्यावसायिक कृषि अँगाल्नु पर्ने र आर्थिक विकासमा लाग्नुपर्नेमा जोड दिए । कार्यकममा जिल्ला कमिटी कास्कीका सचिवालय सदस्य एवं सार्दिखोला गाउँ कमिटी इन्चार्ज नारायण प्रसाद बाँस्तोला, मजदुर इलाका अध्यक्ष कर्णसिँ गुरुङ, क्षेत्र नं.४ क्षेत्रीय कमिटी सदस्य मिन वि.क., पूर्व गा.वि.स अध्यक्ष हर्क बहादुर घर्ति लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

अधिवेशनले बिकम गुरुङको अध्यक्षतामा १५ सदस्यीय कमिटी निर्वाचित भएको छ । कमिटीको उपाध्यक्ष हुकुम सिँ गुरुङ, सचिव बेगनाथ पौडेल, उपसचिव कर्ण बहादुर गुरुङ, सदस्यहरुमा कमशः तेजबहादुर गुरुङ, नरकाजी गुरुङ, यामबहादुर गुरुङ, कृष्ण गौतम, हर्क बहादुर तामाङ, कृष्ण परियार, कुशुम वि.क, होमनाथ आचार्य, निल बहादुर गुरुङ, आइराम तामाङ, प्रीतिराम तामाङ रहेका छन । निर्वाचित कमिटीलाई माछापुच्छ्रे उ.मा.वि.का पूर्व प्रधानध्यापक मित्रलाल आचार्य, पुरुञ्चौर गाउँ कमिटीका सदस्य उमानाथ बास्तोला लगायतलेले बधाई दिएका थिए भने प्रमुख अथिति पुण्य प्रसाद पौडेलले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

**अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर**

**Abudabi को PSBD : Spark, Middle est-Star Skill Force दुवको DPS : Etisaleel star कतारको Group-4 बहराईन, मकाउ आदि देशहरुमा सेक्युरिटी गार्डमा जान चाहने व्यक्तिहरुलाई यस प्रा.लि बाट अन्तर्राष्ट्रिय स्तरको Diplomatic सेक्युरिटी गार्डमा तालिम, अंग्रेजी भाषा र अन्तरवार्ताका तयारी कक्षाहरु संचालन भई रहेको हुँदा ईच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क गरी आफ्नो मौकाको फाईदा उठाउनु होला ।**

**हाम्रा सेवाहरू :**

१. 100% उत्तीर्ण गराउन सफल !
२. आफ्नै मेन पावरबाट प्रोसेस गराइने (फिस लेडर इम्प्लाइमेन्ट सर्भिस प्रा.लि.)
३. DPSL PSBD का Objective & Mobel question Answer को Practical गराइने
४. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्ण रुपमा हासिल गराइने ।
५. १ वर्षमै ५ सय भन्दा माथि सेक्युरिटी गार्ड पास गराउन सफल ।

**आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.**

सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर) ९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

**अनेक समस्या सफल उपचार**

**ग्याष्ट्रिक**: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

**यौन समस्या**:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

**महिला सम्वन्धि समस्या**

महिलामारी नझ्वढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।

**जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने**

**सुन्दरता**:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरीपिन हटाई पुरै शरिर गोरो बनाउने ।

**दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ॥**

**थप उपचार**:- प्रेसर, सुगर, जण्डिस, पित्तास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

**शितल आयुर्वेद फर्मा**
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र

फ्रि होम डेलिभरि

फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

# मनकांक्षी सहकारीको साधारणसभा, अध्यक्षमा तिमिल्सिना

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ पुस ।**



मनकांक्षी बचत तथा ऋण सहकारी संस्था लि.कास्कीकोट-८, कास्कीको प्रारम्भिक साधारणसभा सम्पन्न भएको छ । कार्यक्रममा प्रमुख अतिथि आध्यात्मिक चिन्तक एवं नेपाल सरकारका पूर्व प्रशासक प्रेमराज अधिकारीले साधारणसभाको उद्घाटन गर्दै सामाजिक र आर्थिक सम्पन्नता बृद्धिसँगै सहकारीका मूल्य, मान्यता अनुसार भर्खर स्थापना भएको यस सहकारीले पृथक पहिचान बनाउन सकोस् भन्ने शुभकामना व्यक्त गरे ।

साधारणसभाले दुर्गा प्रसाद तिमिल्सिनाको अध्यक्षतामा सात सदस्यीय नयाँ कार्यसमिति गठन गरेको छ । जसको उपाध्यक्षमा टेक प्रसाद अधिकरी, सचिवमा पदम बस्ताकोटी, कोषाध्यक्षमा हरि प्रसाद अधिकारी, सदस्यमा डिल्लीराम भट्टराई, बसन्तराज बस्ताकोटी, लक्ष्मी गिरी सर्वसम्मत निर्वाचित भएका छन् । त्यसैगरी भेलाले लेखा संयोजकमा महेश्वर गिरी सदस्यमा लक्ष्मण गिरी र लेखनाथ सुवेदी, ऋण संयोजकमा बामदेव बस्ताकोटी, सदस्यमा बलराम गौतम र लक्ष्मी अधिकारीलाई चयन गरेको छ ।

निर्वाचन समितिका संयोजक हिमलाल बस्ताकोटीले निर्वाचित सबै पदाधिकारीहरुलाई पद तथा गोपनीयताको सपथ ग्रहण गराएका थिए । कार्यक्रममा तदर्थ समितिका लेखा संयोजक महेश्वर गिरी, ऋण संयोजक बामदेव बस्ताकोटी, शिक्षा उपसमिति संयोजक देवी प्रसाद बस्ताकोटीले सहकारीलाई आगामी दिनमा संख्यात्मक मात्र नभई गुणात्मक बृद्धि गर्नतर्फ लाग्नुपर्ने बताएका थिए ।

कार्यक्रममा प्रगति प्रतिवेदन सचिव पदम बस्ताकोटी र आर्थिक प्रतिवेदन कोषाध्यक्ष हरिप्रसाद अधिकारीले प्रस्तुत गरेकोमा सर्वसम्मतिले पारित भएको थियो । तदर्थ समितिका अध्यक्ष दुर्गा प्रसाद तिमिल्सिनाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उपाध्यक्ष टेक प्रसाद अधिकारी र कार्यक्रमको संचालन सचिव पदम बस्ताकोटीले गरेका थिए । संस्थामा हाल ६१ जना शेयर सदस्य र शेयर पुँजी २६ लाख रहेको छ ।

# भूमेश्वर प्राविको वार्षिकोत्सवमा पौडेल सम्मानित

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ पुस ।**



पोखरा-१९ घार्मीमा रहेको भूमेश्वर प्राविको ६१औं वार्षिकोत्सव विभिन्न कार्यक्रम सहित सम्पन्न भएको छ । कार्यक्रममा विद्यालयले पत्रकारिता मार्फत शैक्षिक क्षेत्रको गतिविधिमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै संचारकर्मी शिशिर पौडेललाई सम्मान गरेको छ । शैक्षिक गतिविधिलाई सञ्चार माध्यम मार्फत महत्वपूर्ण योगदान दिएको भन्दै पत्रकार महासंघ कास्कीका सदस्य समेत रहेका पत्रकार पौडेललाई सम्मान गरिएको हो । सोही अवसरमा विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष शोभामोहन पौडेल, कोक्यापका अध्यक्ष उषा बरुवाललाई सम्मान गरिएको हो । कार्यक्रमका प्रमुख अतिथि कास्कीका सहायक जिल्ला शिक्षा अधिकारी दामोदर सुवेदी, लामाचौर स्रोतकेन्द्रका स्रोत व्यक्ति निलराज गौतम, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष डिल्लीराम पौडेल, प्रधानाध्यापक बैकुण्ठ पौडेल, विद्यालयका संस्थापक लिलाधर पौडेल लगायतले खादा, सम्मानपत्र एवम् मायाको चिनो सहित सम्मान गरेका थिए । कार्यक्रममा उत्कृष्ट शिक्षक पूर्णभद्र आचार्य र अभिभावक अस्मिता पौडेल सहित नर्वेली नागरिक ओर्विनलाई सम्मान गरिएको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष डिल्लीराम पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि सहायक जिल्ला शिक्षा अधिकारी सुवेदीले अभिभावक, शिक्षक र विद्यालय व्यवस्थापन समितिको समन्वयबाट मात्र शैक्षिक गुणस्तर वृद्धि गर्न सकिने बताए ।

कार्यक्रममा स्रोतव्यक्ति निलराज गौतम, वडा सचिव सूर्य नेपाली, कोक्यापका अध्यक्ष उषा वरुवाल, सम्मानित व्यक्तित्व शोभामोहन पौडेल, शिशिर पौडेल, विद्यालयका संस्थापक लिलाधर पौडेल, पूर्व प्रधानाध्यापक मोहनप्रसाद पौडेल, विद्यालयका शिक्षक दुर्गाप्रसाद पौडेल, अभिभावक मक्ति सुनार, शिक्षक माधव आचार्य लगायतले विद्यालयको शैक्षिक गतिविधिका बारेमा जानकारी गराएका थिए । कार्यक्रममा विद्यालयका सहयोगदाता एवं अक्षयकोष दातालाई सम्मान गरिएको विद्यालय व्यवस्थापन समितिका सदस्य प्रमोद पौडेलले जानकारी दिनुभयो । कार्यक्रममा विद्यालयको वार्षिक पुरस्कार वितरण सहित विविध सांस्कृतिक कार्यक्रम समेत गरिएको थियो । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक वैकुण्ठ पौडेलले वार्षिक, शैक्षिक तथा भौतिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

# पोखरा महोत्सवको अफिसियल मिडियामा 'समाधान'

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ पुस ।**



छैठौं पोखरा महोत्सवको अफिसियल पेपर मिडियामा समाधान क्षेत्रीय दैनिकलाई चयन गरिएको छ । गतवर्षका महोत्सवहरुमा आदर्श समाज दैनिक अफिसियल मिडिया रहेको थियो । सोमबार एक कार्यक्रमका बीच समाधान दैनिक र युनाइटेड क्लव बीच सहमति पत्रमा हस्ताक्षर भएको हो । आइतबार युनाइटेड क्लवका अध्यक्ष हिमालय बखेल र महोत्सवका प्रचार-प्रसार संयोजक तथा क्लवका सचिव लालकाजी गुरुङ, समाधान दैनिकका कार्यकारी सम्पादक रामकृष्ण ज्ञवाली र पत्रिकाका बजार व्यवस्थापक श्री पोखरेलले महोत्सवको अफिसियल पेपरको सहमतिपत्रमा हस्ताक्षर गरेका हुन् । उक्त अवसरमा वोल्दै समाधान दैनिकका कार्यकारी सम्पादक एवं नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष रामकृष्ण ज्ञवालीले समाधान दैनिक पोखरामा छुट्टै विशेषता बोकेर अगाडि वढिरहेको र महोत्सवलाई सफल बनाउनका लागि आफूहरुको मिडियाबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाए ।

त्यस्तै युनाइटेड क्लवका अध्यक्ष हिमालय बखेलले समाधान दैनिकले विगतका महोत्सवहरुमा सहयोग गरिरहेको बताउँदै यस वर्षदेखि समाधान दैनिकले विशेष तवरले समाचारहरु संप्रेशण गर्दै आइरहँदा पत्रिकासंग सहकार्य गरेर पोखरा महोत्सवमा साझेदारी गर्न पाउँदा खुसी लागेको वताए । समाधान दैनिकले पोखरामा बेग्लै पहिचान स्थापित गरी समाजमा रहेको विभिन्न घटना परिघटनालाई यथार्थरुपमा पाठकसामु पस्कन अग्रणी भूमिका खेलेको र आगमी दिनमा पनि यसलाई निरन्तरता दिन उनले आग्रह गरे । छैठौं पोखरा महोत्सव आगामी पुस ३० देखि माघ १० गतेसम्म पोखराको अमरसिंह चौरमा हुँदैछ ।

# कर्णदास आउँदै

**पोखरा ५ पुस ।(गोल्डेन)**

पोखेलीले लोकप्रिय गायक कर्णदासका गीत प्रत्यक्ष सुन्न पाउने भएका छन् । लायन्स क्लब अफ पोखरा आदर्श चौतारीको आयोजनामा हुने १० वर्षपछि कर्ण दास कार्यक्रममा गायक कर्णदासले करीब २० वटा गीत गाउने आइतबार पोखरामा आयोजीत कार्यक्रममा जानकारी दिएका छन् । विनाशकारी भूकम्पले क्षतिग्रस्त विद्यालयहरुको पुनः निर्माण सहयोगार्थ आयोजना गरिएको कार्यक्रम पुष ११ गते दिउसो ३ बजेदेखि सुरु हुने कार्यक्रमका संयोजक शिव नेपालीले जानकारी दिए । पोखरा सभागृहमा हुने कार्यक्रममा करिब १ हजार ५ सय जनाको सहभागिता रहने आयोजकको विश्वास रहेको छ । कार्यक्रममा सहभागिताका लागि ५ सय र एक हजारका टिकट उपलब्ध रहेका छन् भने विद्यार्थीहरुलाई ३ सयको टिकटको व्यवस्था गरिएको नेपालीले बताए । कार्यक्रममा १७ लाख ५० हजार आम्दानि र १२ लाख ५५ हजार खर्च हुने आयोजकको अनुमान रहेको छ ।

# नेष्डोका कर्मचारीद्वारा सरसफाई र सहयोग

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ पुस ।**



राष्ट्रिय शैक्षिक तथा सामाजिक विकास संस्था नेष्डो नेपालले पोखराको विन्ध्यवासिनी मन्दिर परिसर सरसफाई गर्नुका साथै त्यहाँ रहेका असहाय ज्येष्ठ नागरिकलाई फलफूल वितरण गरेको छ । संस्थाका नव नियुक्त कर्मचारीका लागि आयोजित ५ दिने सेवा प्रवेश पूर्व आधारभूत सैद्धान्तिक तालिमको अवसर पारी तालिमको तेश्रो दिन उक्त कार्य गरिएको हो ।

तालिममा सहभागी कर्मचारी हरुलाई आध्यात्मिक भावना जगाई मानवीय सेवामा समर्पित गराउने उद्देश्यले विन्ध्यवासिनी मन्दिर दर्शन, मन्दिर परिसर सरसफाईका साथै मन्दिर प्राङ्गणमा रहेका १९ जना असहाय नागरिकहरुलाई फलफूल वितरण गरिएको संस्थाका कार्यकारी निर्देशक विश्वप्रकाश प्रगाईँले गोल्डेन न्यूज दैनिकलाई बताए । कार्यक्रममा वोल्दै उनले संस्थाका कार्यकारी प्रमुख विश्वप्रकाश प्रसाईँले विषयवस्तुहरुका साथै सामाजिक गतिविधिमा संलग्नताले मानिसको जीवनलाई पूर्णता दिने बताए ।

लघु वित्त सेवा समुदायमा आधारित वित्तीय सेवा भएकाले समुदायको हरेक पक्षका वारेमा कर्मचारीलाई जानकारी दिन पनि अतिरिक्त क्रियाकलापहरुको भूमिका रहने उनले बताए । तालिमको चौथो दिन देशमा विद्यमान मधेशी र पहाडी समुदाय बीच सद्भाव विकासका लागि सद्भाव दौडको आयोजना, आन्दोलनबाट सृजित भावना अन्तर समूह हाजिरीजवाफ प्रतियोगिता वाट शुरु गरिने र अपरान्ह ४ वजेपछि विविध साँस्कृतिक कार्यक्रम सहित समापन समारोह आयोजना हुने नेष्डोले जनाएको छ ।

# माछापुच्छ्रे भिलेज लायन्सद्वारा सहयोग




**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ पुस ।**

लायन्स क्लब अफ पोखरा माछापुच्छ्रे भिलेजद्वारा लेखनाथ नगरपलिका वडा नं. १८ गैरागाँऊ स्थित अद्वैत संस्था परहंस शाखामा विविध सामाग्री प्रदान गरिएको छ । क्लबका अध्यक्ष शिवराज आचार्यको नेतृत्वमा उक्त स्थानमा पुगेको क्लबको एक टोलीले खाट, विस्ताृरा, कुर्चीं, टेबल, कार्पेट तथा मसलन्द सामाग्री गरि करिब ६० हजार रुपैयाँ बराबरको सामाग्री हस्तान्तरण गरेको क्लबका अध्यक्ष शिवराज आचार्यले जानकारी दिए । कार्यक्रममा प्रमुख अतिथि क्लबका ओरियन्टेसन चियर पर्सन इन्जिनियर इ.रामचन्द्र पोखरेल, जोन चियर पर्सन तोरण बहादुर कुँवर, भरत पोखरी गा.बि स. का पूर्व अध्यक्ष यज्ञप्रसाद अधिकारी, अद्वैत संस्थाका अध्यक्ष वैकुण्ठनाथ आचार्य लगायतले आ-आफ्नो भनाइ राखका थिए । क्लबका अध्यक्ष शिवराज आचार्यको अध्यक्षता भएको कार्यक्रममा सचिव शोभाकान्त पौडेल, कार्यक्रम संयोजक रामजीप्रसाद भण्डारी, क्लबका द्वित्तीय उपाध्यक्ष तीर्थ राज आचार्यले पनि बोलेका थिए । कार्यक्रममा क्लबका २० जना सदस्य सहभागी भएको जानाकारी कार्यक्रमका सह-संयोजक लोकनाथ जैसीले जानकारी दिए ।

# देउराली युवा क्लवको अध्यक्षमा श्रेष्ठ

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ पुस ।**

हंसपुर गाविस स्थित देउराली यूवा क्लवको आइतवार सम्पन्न साधारणसभाले अर्जुन कुमार श्रेष्ठको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्य समिति गठन गरेको छ । समितिको उपाध्यक्षमा राजेन्द्रकुमार श्रेष्ठ, सचिव सन्तोष पुरी, सह–सचिव अञ्जना श्रेष्ठ र कोषाध्यक्षमा फणिन्द्र श्रेष्ठ छन् । त्यसैगरी सदस्यहरुमा सुजता श्रेष्ठ, सुजन श्रेष्ठ, किरण गुरुङ, सुरज सापकोटा, रीता विक, र सिजन श्रेष्ठ छन् । त्यस्तै भेलाले दश सदस्यीय सल्लाहकार समिति समेत चयन गरेको छ । जस अनुसार सल्लाकार समितिका सदस्यहरुमा दयासागर सुवेदी, नारायण कुमार श्रेष्ठ, भैरवलाल श्रेष्ठ, चन्द्रमणि पौडेल, चन्द्रलाल श्रेष्ठ, धनवहादुर कार्की, शंकरलाल श्रेष्ठ। स्वतन्ज कुमार श्रेष्ठ, शम्मर वहादुर कर्की, वावुराम भट्टराई छन् ।

# गोल्डेन नेचरमा अंग्रेजी हस्तलेखन

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ पुस ।**

लेखनाथ नगरपालिका वडा नं. १२, खुदी-ढुङ्गेपाटन स्थित गोल्डेन नेचर उच्च मा.वि.मा अङ्ग्रेजी हस्तलेखन प्रतियोगिता सम्पन्न भयो । विद्यार्थीहरुमा हस्तलेखन कलामा थप सुधार गर्ने उद्देश्यले आयोजित उक्त प्रतियोगितामा कक्षा ४ देखि ६ सम्मका १४९ जना विद्यार्थी छात्र-छात्राहरुको सहभागिता रहेको थियो । विद्यार्थीहरूमा निहित प्रतिभा प्रष्फुटन गर्ने उद्देश्यले आयोजित अतिरिक्त कियाकलापहरु संचालनको कममा अञ्जली वि.क.ले प्रथम स्थान प्राप्त गर्न सफल भइन भने इमुना बुढाथोकी र निशा पुनले द्वितीय स्थान, निलम पुनले तृतीय स्थान र सविना कोइरालाले सान्त्वना स्थान प्राप्त गर्न सफल भए । कार्यकमको संयोजन शिक्षकहरू ऐश्वर्यधर घिमिरे र पूर्ण बहादुर थापाले गरेका थिए ।

# १०औं बिटीकप फुटवलमा एकैदिन सात खेल

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ पुस ।**

पोखराको पुरानो टुडिखेलमा जारी १०औं बिटी कपको दोश्रो दिन सात खेल सम्पन्न भएका छन । बुद्धटोल युवा क्लवद्वारा आयोजित बिटी कपमा आइतबार सम्पन्न पहिलो खेलमा काजीपोखरी फुटवल क्लवले टुँडिखेल फुटवल क्लवलाई ६ शुन्यको गोल अन्तरले पराजित गर्दै अघिल्लो चरणमा प्रवेश गरेको छ । खेलमा काजीपोखरीको तर्फबाट आशिष गुरुङले तीन गोल गरेका थिएभने आदर्श शाही, सुजन रुम्बा र राजकुमार परियारले एक एक गोल गरेका थिए । दोश्रो खेलमा रामबजार फुटवल क्लव र रेन्सु युनाइटेडको बरावरी गोल भएपछि ट्राइबेकरमा रेन्सीले दुइ एकको गोल अन्तर गर्दै रामबजुर पुन टोल फुटवल क्लवलाई पराजित गर्दै अघिल्लो चरणमा प्रवेश गरेको छ । त्यस्तै तेश्रो खेलमा राबजार युथ क्लवले तीन एकको गोल अन्तरले लामाचौर फुटवल क्लवलाई पराजित गर्दै अघिल्लो चरणमा प्रवेश गरेको छ । खेलमा रामबजार युथ क्लवको तर्फबाट राजन रावलले दुइ गोल र सञ्जय बुढाथोकीले एक गोल गरेका थिए । लामाचौर फुटवल क्लवको तर्फबाट कुमार तामाङले सान्तवना गोल गरेका थिए । चौथो खेलमा अनुपम फुटवल क्लवलाई लामाचौर फुटवल क्लवले दुई-एक गोल अन्तरले पराजित गरेको छ । खेलमा लामाचौरको तर्फबाट खेम गुरुङ र अनमोल पुनले एक एक गोल गरेका थिए भने अनुपमको तर्फबाट उमेश मल्लले शान्तवना गोल गरेका थिए ।

पाचौं खेलमा नर्थ हर्न ले हेम्जा युनाइटेडलाई तीन शून्य गोल गर्दै अघिल्लो चरणमा प्रवेश गरेको छ । खेलमा नर्थ हर्नको तर्फबाट बिशन गुरुङ, गोपी गुरुङ र विवेक गुरुङले एक एक गोल गरेका थिए । छैठो खेलमा नदीपुरले दुई शून्य गोल अन्तरले ईन्द्रेणी एकीकृत विकास केन्द्र लाई पराजित गऱ्यो । खेलमा नदीपुरको तर्फबाट सुनिल मल्लले दुइ गोल गरेका थिए ।

आइतबार सम्पन्न अन्तिम खेलमा मालेपाटन फुटवल क्लवले सिमपानी फुटवल क्लवलाई दुइ एक गोल अन्तरले पराजित गऱ्यो । खेलमा मालेपाटनको तर्फबाट फोनस कार्की र सन्जिप बरालले एक-एक गोल गरे भने सिमपानीको तर्फबाट टकराज गुरुङले सान्त्वना गोल गरे । प्रतियोगितामा सोमबार सात खेल हुने भएका छन ।

सोमाबर गोर्खा गन्ज भर्सेस विष्णुपादुका हेम्जा, शितलादेवी भर्सेस रि युनाइटेड, एलजी एशोसिएशन भर्सेस न्यू जेनेरेशन, टुँडिखेल एफसी ए भर्सेस युनाइटेड माछापुच्छ्रे घाचोक, बिटी ब्ल्यू भर्सेस कल्पेश्वर फेदी, लामाचौर ए भर्सेस एन वाइ सी रत्नचोक, कुंडहर एफसी भर्सेस रत्न समाज एफसी बीच खेल हुने आयोजकले जनाएको छ ।










सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा